# धनकुटा नगरकार्यपालिकाको कार्यालय, धनकुटा

## लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा पुरुष सञ्जाल सदस्यहरुका लागि आयोजित क्षमता अभिबृद्धि कार्यक्रम सम्पन्न प्रतिवेदन

२०८२



आयोजक

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना
परियोजना कार्यान्वयन ईकाई

# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा पुरुष सञ्जाल सदस्यहरुका लागि आयोजित क्षमता अभिबृद्धि कार्यक्रम सम्पन्न प्रतिवेदन २०८२

१. **सम्पन्न गरिएको तालिमको शीर्षकः** लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका सम्बन्धमा पुरुष सञ्जाल सदस्यहरुका लागि क्षमता अभिबृद्धि सम्बन्धी तालिम कार्यक्रम ।

२. **तालिमको आयोजकः** लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना, परियोजना कार्यान्वयन ईकाई, धनकुटा नगरपालिका ।

३. **तालिम संचालन भएको स्थानः-** धनकुटा नगर कार्यपालिकाको कार्यालयको सभा हल, धनपा ५, धनकुटा ।

४. **तालिमको संचालन भएको मिति :-** २०८२/०२/०७ र ०८ गते ।

५. **तालिमको मुख्य सहजकर्ताः** श्री संजोग ठकुरी, हामी दाजुभाई सँस्थाका अध्यक्ष, काठमाण्डौ ।

६. **पृष्ठभूमिः**

लैंगिक हिंसा (Gender-Based Violence) समाजमा व्याप्त गम्भीर मानव अधिकार हननको रूप हो । यस्ता हिंसात्मक गतिविधिको रोकथाम, न्यूनीकरण र पीडितको संरक्षण तथा पुनःस्थापनाको निम्ति भएका प्रयासहरुले आशातित सफलता प्राप्त नभएकाले नेपाल सरकारले सबै सरोकारवालाहरुको सहभागिता र परिचालनका लागि लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता रणनीति २०७५ जारी गरेको छ । यस रणनीतिको आधारमा सवै निकायहरुबाट आ-आफ्नो क्षेत्रबाट लैङ्गिक हिंसा न्यूनीकरण गर्न प्रयास भईरहेकोछ । यसै सन्दर्भमा नेपाल सरकार महिला बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको व्यवस्थापकीय नेतृत्व र विश्व बैंक नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा धनकुटा नगरपालिकामा संचालन भईरहेको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना अन्तर्गत धनकुटा नगरपालिकाले पुरुष सञ्जाल गठन र संचालन कार्यविधि २०८१ कार्यान्वयनमा ल्याएको छ र कार्यविधि मुताविक पालिकाको सवै वडाहरुबाट ईच्छुक पुरुष सञ्जाल सदस्यहरुको नामावली पनि प्राप्त भईसकेकाले ती पुरुष सञ्जाल सदस्यहरुलाई क्षमता अभिबृद्धि गर्न यो तालिम संचालन गरिएको थियो ।

७. **तालिमको उद्देश्यहरूः**

७.१ धनकुटा नगरपालिका क्षेत्रमा संचालन भईरहेको लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजना अन्तर्गत गठीत पुरुष सञ्जाल सदस्यहरुका लागि लैङ्गिक हिंसा सम्बन्धी आधारभूत विषय बस्तु प्रतिको बुझाईमा ज्ञान, सीप, धारणाको बढोत्तरी गरी पुरुष सञ्जाल सदस्यहरुको भूमिका निभाउन क्षमता अभिबृद्धि गर्नु नै यस तालिमको मुख्य उद्धेस्य रहेको थियो ।

७.२ लैंगिक हिंसा अन्त्यका लागी रचनात्मक र सकारात्मक भुमिका निर्वाह गरि समाज परिवर्तनका संवाहक बन्न सक्ने पुरुषहरुको सहभागितामा बृद्धि गर्ने ।

## ८. तालिम कार्यक्रमका सहभागीहरू:

धनकुटा नगरपालिकाले जारी गरेको सार्वजनिक सूचना बमोजिम पुरुष सञ्जाल सदस्य बन्न ईच्छुक जम्मा ५८ जना पुरुषहरु मध्ये वडा समितिको समन्वयमा प्रत्येक वडाबाट ३ जना र ५ वटा ठुला वडाहरुबाट ४ जना सहभागी छनौट गरी जम्मा ३५ जना पुरुष सदस्यहरु यस तालिममा सहभागी भएका थिए ।सहभागीहरुको बृहत जातिय समूह अनुसारको विवरण तपशील अनुसार रहेको छ । सहभागीको नामावली अनुसूचीमा राखिएको छ ।

| **सहभागीहरुको विवरण** | |
|---|---|
| जम्मा सहभागी | ३५ जना |
| दलित | १ जना |
| जनजाती | १७ जना |
| ब्राम्हण/क्षेत्री | १७ जना |

## ९. तालिम संचालन विधिहरू (Methodology):

यस प्रशिक्षण कार्यक्रममा सहभागी केन्द्रित विधी अन्तर्गत निम्न लिखित विधिहरू अपनाईएको छ:

- पुरुषत्व, नारीत्व, लैङ्गिकता र लैङ्गिक हिंसाका सम्बन्धमा सहभागीहरुको बुझाईको स्तर र थप गर्नपर्ने अवधारणागत पक्षमा व्यक्तिगत तथा सामूहिक अभ्यास र प्रस्तुतीहरु गराईएको थियो ।
- सहभागीको काम र अनुभवहरूको संक्षिप्त प्रस्तुति ।
- अन्तक्रियात्मक तरिका अपनाई सहभागीबीच सिक्ने वातावरणलाई सहज बनाउने ।
- लैङ्गिक समानता तथा हिंसा सम्बन्धी ऐन, नीति, रणनीति र यससँग सम्बन्धित संरचनाहरू आफ्नो पालिका सान्दर्भिक बनाउन समूहकार्य, प्रस्तुतीकरण, भूमिका निर्वाह ।
- खेल र अन्तक्रियात्मक विधिहरू ।
- विभिन्न सत्रहरूको छलफलबाट लैङ्गिक हिंसा निबारणका लागी पुरुष सञ्जालका भूमिका तथा कार्यहरू मनन् गर्नुपर्ने बुँदाहरूको छनौट तथा मस्यौदा कार्ययोजनाको तयारी ।

- तालिमको दौरानमा अपनाईएका मुख्य प्रशिक्षण विधिहरु
  - प्रस्तुतीकरण, प्रश्नोत्तर, समूह छलफल अभ्यास र प्रस्तुती
  - केस स्टडी र भूमिका निर्वाह (Role Play)
  - दृश्य सामग्रीको प्रयोग (Video/Poster)

## १०. तालिममा भएको खर्चको विवरण:

धनकुटा नगरपालिका, लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना अन्तर्गत पुरुष सञ्जाल गठन तथा तालिम शीर्षकबाट खर्च हुने गरी यस कार्यक्रम संचालन गरिएको थियो ।तालिममा भएको खर्चको विल भरपाई यसै प्रतिवेदनसाथ संलग्न गरिएको छ यसको सारांश विवरण तपशील अनुसार रहेको छ ।

| क्र.सं. | खर्च शीर्षक | रकम रु. |
|---|---|---|
| १ | सहभागि र तालिम स्टेशनरी | ८२५० |
| २ | सहभागी यातयात खर्च | ३४००० |
| ३ | स्रोत व्यक्तिको दैनिक तथा भ्रमण खर्च र पारिश्रमिक | ३३२०० |
| ४ | कार्यक्रम व्यवस्थापक, प्रतिवेदन र सहायक | ३००० |
| ५ | व्यानर तथा प्रमाणपत्र | ३७८० |
| ६ | सहभागीहरुका लागि खाना खाजा | ७२६०० |
| ७ | विविध खर्च (सहजकर्तालाई चिनो ढाका टोपी र खदा) | २३०० |
| | **जम्मा रु.** | **१५७१३०** |

## ११. तालिमको मुख्य उपलब्धीहरु :

- पुरुष सञ्जालको काम कर्तव्य र भूमिका बारेमा स्पष्टता हुनुका साथै लैङ्गिक हिंसाका क्षेत्रमा आफ्नो गाउँ टोलमा भएका सवालहरु कम गर्न सकारात्मक भूमिका निर्वाह गर्ने र यस क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई आवस्यक सहयोग गर्नुका साथै त्यस्ता संस्थाहरुसंग सहकार्य गर्ने ।
- सहभागीहरु नेपालमा लैङ्गिक हिंसाको सवाल सम्बन्धी आधारभूत पक्ष,कानूनी व्यवस्था तथा सरोकारवाला हरुको भूमिकामा थप जानकार भई समाजमा सकारात्मक संदेश दिन सक्षम सीप प्राप्त भएको ।
- धनकुटा नगरपालिकामा संचालन भईरहेको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजना र यसले गर्ने कार्य र आफ्नो भूमिकाबारेमा स्पष्ट जानकार भएको ।
- सहभागीहरूले लैंगिक हिंसाबारे व्यवहारिक तथा सैद्धान्तिक ज्ञान प्राप्त गरेको ।
- पुरुष सञ्जाल सदस्यहरुको सेवा प्रवाह र समन्वय क्षमतामा अभिबृद्धि भएको ।
- स्थानीय तहमा पुरुष सञ्जाल परिचालन सम्बन्धी कार्ययोजना निर्माण भएको ।

## धनकुटामा लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष सञ्जाल गठन र क्षमता विकास तालिमको आयोजना

धनकुटा नगरपालिकाको पुरुष सञ्जाल गठन तथा संचालन कार्यविधि अनुसार गठन भएको पुरुष सञ्जाल सदस्यहरुका लागि मिति २०८२/०२/७ र ८ गते२ दिने क्षमता अभिबृद्दि तथा अभीमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । सार्वजनिक सूचना अनुसार स्वच्छिक निवेदन दिएका तथा वडा कार्यालयहरुको सहजीकरणमा छनौट हुनु भएका धनकुटा नगरभित्रका ३५ जना आदर्श पुरुषहरुको सहभागिता र पुरुष सञ्जालको क्षेत्रमा शुरुवात देखि नै अभियान्ताको रुपमा रहनु भएका हामी दाजुभाई सँस्था काठमाण्डौका अध्यक्ष संजोग ठकुरीको सहजीकरणमा यो तालिम कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रमको शुरुवाती सत्रमा नगर प्रमुख श्री चिन्तन तामाङले लैङ्गिक हिंसा एक अपराध मात्र नभई मानव अधिकारको ठाडो उलङ्घन पनि हो जवसम्म यस्तो हिंसाको अन्त्य हुँदैन तवसम्म लैङ्गिक समानताको लक्ष्य पुरा गर्न सकिन्न भन्दै सवै सहभागीहरुलाई लैङ्गिक हिंसा अन्त्यका लागि यहाँहरुको साथ खोजेको मन्तव्य व्यक्त गर्नु भएको थियो । त्यसैगरि उप प्रमुख श्री भीमादेवी खनालले धनकुटामा लैङ्गिक हिंसाको अवस्था र न्यूनीकरणको प्रयास सम्बन्धमा अनुभव आदान प्रदान गर्दै तालिम अवधी भर सहभागी भई सहभागीहरुको हौसला बढाउनु भएको थियो । सहभागी केन्द्रित विधीबाट संचालन गरिएको यो तालिममा धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दशरथ राई र परियोजना विज्ञ नुषराज श्रेष्ठले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाको अवधारणा, कार्यक्रम गतिविधि सम्बन्धमा आफ्नो प्रस्तुतीराख्नु भएको थियो ।


| सहभागीहरुको विवरण | |
|---|---|
| जम्मा सहभागी | ३४ जना |
| दलित | १ जना |
| जनजाती | १७ जना |
| ब्राम्हण/क्षेत्री | १६ जना |



| तालिमको विषय बस्तु |
|---|
| पुरुष र पुरुषत्व सम्बन्धी बुझाई |
| पुरुषत्व र नारीत्व, लिङ्ग र लैङ्गिकता |
| लैङ्गिक हिंसा सम्बन्धि धारणागत स्पष्टता,हिंसाका कारण, स्वरुप तथा असरहरु |
| लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागी एकिकृत सेवा पहुँच परियोजनाको अभिमुखीकरण (पृष्ठभूमी उद्देस्य, सँस्थागत संरचना, परियोजनाको संभाग, क्रियाकलाप, आगामी कार्ययोजना) र लैङ्गिक हिंसा निवारण कोष |
| लैङ्गिक हिंसा सम्बोधनका लागी सेवाहरुमा पहुँच<br>**<u>वर्तमान अबरोध र चुनौतीहरु</u>**<br>• जीवन चक्रमा आधारीत अवरोधहरु, किशोरकिशोरीहरुले सामना गर्नुपर्ने अवरोधहरु, अपाङ्गता भएका व्यक्तीहरुले सामना गर्नुपर्ने अवरोधहरु र यौनिक तथा अल्पसंख्यकहरुले सामना गर्नुपर्ने अवरोधहरु |
| महिला तथा बालबालिका उपर हुने हिंसा अन्त्यका लागी पुरुष सहभागिताः के हो र के होइन |
| पुरुष सहभागिताका क्षेत्रहरु<br>• परिवार, शैक्षिक स्थान, कार्यस्थल,सार्वजनिक स्थान |
| • महिला तथा बालबालिका उपर हुने हिंसा अन्त्यका लागी पुरुष सहभागिता कार्यविधी<br>• लैङ्गिक हिंसा निवारणमा पुरुष सञ्जालको भूमिका<br>• पालना गर्नु पर्ने आचारसंहिता, योग्यता तथा कार्यअवधि |


"धनकुटा नगर स्वच्छ सुन्दर समुन्नत सहर"
धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धनकुटा
लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा पुरुष सञ्जाल सदस्यहरुको
क्षमता अभिबृद्धि तथा परियोजना अभिमुखीकरण कार्यक्रम
मिति:२०८२/०२/०७ र ०८ गते
स्थान: धनकुटा नगरपालिकाको सभाहल, धनकुटा
आयोजक
THE WORLD BANK
SPF STATE AND PEACEBUILDING FUND
लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना
कार्यान्वयन ईकाई
धनकुटा नगरपालिका धनकुटा









धनकुटा नगरपालिका लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना अन्तर्गत पुरुष सञ्जाल सदस्यहरुका लागि क्षमता अभिवृद्दि तालिमको उपस्थिति विवरण २०८२/२/७ र ८

| क्र. सं. | नाम | ठेगाना | सम्पर्क नम्बर | अनुभवको क्षेत्र | ०८२/२/७ को उपस्थिति | ०८२/२/८ को उपस्थिति |
|---|---|---|---|---|---|---|
| १ | सजेन्द्र तामाङ | धनपा १ हिले | ९८५२०५०६१६ | यातयात व्यवसाय | | |
| २ | नहकुल राई | धनपा १ हिले | ९८४२१०९४९८ | शैक्षिक संघ/सँस्था | | |
| ३ | केदार कुमार सिंजाली | धनपा १ सिंजालीगाउं | ९८४२०८३३४९ | कृषि | | |
| ४ | चन्द्रकृष्ण ठकुरी | धनपा १ निगाले | ९७४१८२५९१७ | व्यापार/व्यवसाय | | |
| ५ | रत्न बहादुर राई | धनपा २ भीरगाउँ | ९८४२३४६३३६ | | | |
| ६ | होम बहादुर पुलामी | धनपा २ भीरगाउँ | ९८६७०६८३७२ | | | |
| ७ | डम्बर प्रसाद गुरागाई | धनपा २ भीरगाउँ | ९८४२११७३६० | | | |
| ८ | नर बहादुर थापा | धनपा २ भीरगाउँ | ९८४२०९८९६१२ | शिक्षा | | |
| ९ | करुण प्रसाद गुरागाई | धनपा ३ कागते | ९८६२५९४७९२ | व्यापार /व्यवसाय | | |
| १० | राम बहादुर ठकुरी | धनपा ३ निगाले | ९८०७०९३७४९ | शिक्षा | | |
| ११ | धन बहादुर खडका | धनपा ४ देव्रेबास | ९८४२०६१९९७ | मेलमिलापकर्ता | | |
| १२ | अगमशेर राई | धनपा ४ माघा | ९८४२११२९१६ | समाजसेवा/कृषि | | |
| १३ | रमेशचन्द्र अधिकारी | धनपा ४ देव्रेबास | ९८५२०५०१७५ | सञ्चारकर्मी/पत्रकारिता | | |
| १४ | द्रोण प्रसाद गुरागाईं | धनपा ५ माथिल्लो कोप्चे | ९८५२०५०१२० | समाजसेवा/कृषि | | |
| १५ | किरण प्रधान | धनपा ५ बालमन्दिर | ९८४२०५१७९५ | खेलकुद | | |
| १६ | शम्भु प्रधान | धनपा ५ तल्लो कोप्चे | ९८४२०५३६३५ | सामाजिक अभियान्ता | | |
| १७ | जितेन्द्र राई | धनपा ६ बरबोटे | ९८६५५३३०७२ | सामाजिक सेवा | | |
| १८ | नारायण वि क | धनपा ६ गोठगाउँ | ९८४२०२५३३५ | शिक्षा | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | सौपाल राई | धनपा ६ सिरान बजार | ९८४२०५५१८१ | पेन्टीङ | | |
| २० | भुवन राई | धनपा ६ राईकुवा | ९८१४३२४८११ | | | |
| २१ | सन्तवीर लामा | धनपा ७ त्रिवेणी चोक | ९८४२०६०७५७ | सञ्चारकर्मी/पत्रकारिता | | |
| २२ | ~~हरि बहादुर लम्जेल~~ यज्ञब. कुवाल | धनपा ७ ~~संगमटोल~~ मोती होटल | ९८५२०६१०५५ | पत्रकारिता/~~सञ्चारकर्मी~~ होटलसमिति अध्यक्ष | | |
| २३ | रोसनराज अमात्य | धनपा ७ हुलाकटोल | ९८४२४५०५५५ | व्यापार/व्यवसाय | | |
| २४ | बालकृष्ण सुवेदी | धनपा ७ जिरोप्वाईण्ट | ९८४२०७०७८७ | पैरवी | | |
| २५ | सोभित श्रेष्ठ | धनपा ७ मदनचोक | ९८४२०२८१५८ | व्यवसायी | | |
| २६ | ~~रुजान राई~~ ताराकुमार राई | धनपा ८ | ~~९८४२४३३८८८~~ ९८४३९३३९८३ | ~~भेटेनरी पसल~~ | | |
| २७ | शुभकर्ण राई | धनपा ८ | ९७४२२८०२४४ | मौरीपालन व्यवसायी | | |
| २८ | सन्तोष कुमार राई | धनपा ८ | ९८१८७२५६३६ | समाजसेवी | | |
| २९ | मोहन प्रसाद बास्तोला | धनपा ९ बेलहारा | ९८४२५९६४४६ | सहकारी/समाजसेवा | | |
| ३० | ~~भीम बहादुर राई~~ [illegible] | धनपा ९ बेलहारा | ९७०३३६१७५५ | सामाजिक सेवा | | |
| ३१ | वीर बहादुर वस्नेत | धनपा ९ बेलहारा | ९८०६०७७१९५ | समाजसेवा/कृषि | | |
| ३२ | झमकलाल बास्तोला | धनपा ९ बेलहारा | ९८४२२७४४१३ | समाजसेवा/कृषि | | |
| ३३ | ज्ञानेन्द्र घिमिरे | धनपा १० पारिपाल्ले | ९८४२११३७४९ | मध्यस्थकर्ता | | |
| ३४ | मधुसुदन पौडेल | धनपा १० पारिपाल्ले | ९७०१९६७१२४ | समाजसेवा TLO leader | | |
| ३५ | हेम बहादुर दाहाल | धनपा १० पारिपाल्ले | ९८४२२५६८२५ | पुर्व कर्मचारी/समाजसेवा | | |

"धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर"

# धनकुटा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनकुटा

# प्रमाण-पत्र

धनकुटा नगरपालिकाद्वारा मिति २०८२ जेठ ७ र ८ गते आयोजना गरिएको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य सम्बन्धमा पुरुष सञ्जाल सदस्यहरुको क्षमता अभिवृद्धि तथा परियोजना अभिमुखीकरण कार्यक्रममा सक्रिय सहभागी हुनुभएकोले धनकुटा नगरपालिका वडा नं. ८... का तपाई श्री तारा कुमार राई............ लाई स-धन्यवाद यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| सञ्जोग ठकुरी | भिमादेवी खनाल | चिन्तन तामाङ |
| सहजकर्ता/स्रोतव्यक्ति | उपप्रमुख | प्रमुख |

मितिः २०८२/०२/०८

# लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि एकिकृत सेवा पहुँच परियोजना

INSTITUTIONALIZING GENDER BASED VIOLENCE RESPONSE IN NEPAL PROJECT (IGBVRN)

## परियोजनाको परिचय र कार्यान्यवनको अवस्था

## परियोजना लागु हुने प्रदेश तथा स्थानिय तह

- **कोशी प्रदेश**
  - -मेचीनगर नगरपालिका
  - -धनकुटा नगरपालिका
  - -उर्लावारी नगरपालिका
  - -भोटखोला गाँउपालिका
- **लुम्बिनी प्रदेश**
  - -रामग्राम नगरपालिका
  - -तिलोत्तमा नगरपालिका

## आयोजनाको पृष्ठभूमी

- संघियता कार्यान्वयनसंगै सामाजिक सेवा प्रवाह सम्बन्धी कार्यहरु कार्यान्वयन र अनुगमनको अधिकार स्थानीय तहमा
- OCMC को सेवा प्रवाहमा आवस्यक कर्मचारी र सवैको पहुँचको प्रश्न
- लैङ्गिक हिंसाका अभिलेख व्यवस्थापन, केस व्यवस्थापन, कार्यविधि तथा मापदण्ड, अपुर्ण मामला समाधान र लैङ्गिक हिंसा न्यूनीकरण कोषको परिचालनमा समस्या रहेको
- अध्ययनले हिंसाका मामला बढ्दै गएको देखिनु
- स्थानीय तहमा लैङ्गिक हिंसा न्यूनीकरणका लागि प्राविधिक तथा व्यवस्थापकीय क्षमतामा सुधार

## पालिका छनौटका आधार

- स्थानीय तहको सामाजिक विकास महाशाखा/शाखा र महिला विकास शाखा/उपशाखाको जनशक्तिको अवस्था
- लैगिंक हिंसाका विषयलाई सम्बोधन गर्न प्रयासरत पालिका
- विश्व बैंकको परियोजना लागु भइरहेका स्थानीय तहहरु
- पालिकाहरुको परियोजना कार्यान्वियनको ईच्छा र भौगोलिक विविधता

## परियोजनाको परिचय

**आयोजनाको अवधिः** ३ वर्ष
१)आयोजना शुरु हुने वर्ष:२०८०/०८१
२)आयोजना समाप्त हुने वर्ष:२०८२/०८३

**आयोजनाको लागतः** ४.६ मिलियन अमेरिकी डलर(६० करोड ७२ लाख)

**सम्झौता मितिः** २४ अप्रिल २०२४ (बैशाख १२, २०८१) मा सम्झौता भएको

**अनुदान सहयोग :** विश्व बैंक (World Bank)

**व्यवस्थापन तथा कार्यान्वयन नेतृत्वः म.वा.ज्ये.ना. मन्त्रालय**

## परियोजना विकासका उद्देश्यहरू

*Project Development Objectives (PDO)*

**स्थानीय तहहरुमा महिला र बालिकाहरूको लैङ्गिक हिंसा प्रतिर्कायका लागि एकिकृत तथा बहुपक्षिय सेवामा पहुंच बढाउने ।**

*बहुपक्षिय सेवा भन्नाले यी ५ मध्ये कम्तिमा दुई किसिमका सेवाहरुसम्म पहुच भएको भनेर बुझ्नुपर्दछः*

- *स्वास्थ्य (medical),*
- *मनोसामाजिक (psychosocial) ,*
- *सुरक्षा (security),*
- *कानुनी (legal), र*
- *जीविकोपार्जन समर्थन (livelihood support) ।*

## परियोजना विकासका उद्देश्यहरू
*Project Development Objectives (PDO)*

**परियोजना विकासका उद्देश्यहरूलाई मापन गर्ने परिणाम सूचकहरू**

*PDO-Level Results Indicators*

- परियोजना क्षेत्रका महिलाहरुको प्रतिशत जो GBV सेवा प्राप्त गर्न इच्छुकहरुले रिपोर्ट गर्नेछन् (%)
- परियोजना क्षेत्रमा दर्ता गरिएका GBV घटना मध्ये कम्तिमा कुनै एक प्रकारको सेवा लिएको रिपोर्ट गर्छन् (%)

### १. लैङ्गिक हिंसा सम्बोधनका लागि पालिका स्तरमा संस्थागत प्रतिकार्य संयन्त्र निर्माण गरी क्रियाशील बनाउने ।

**समन्वय प्रणालीहरु बनाई संघीय स्तरको ज्ञान र स्रोत साधनलाई पालिका स्तरिय प्रणालीहरुमा सफलतापूर्वक हस्तान्तरण गर्न सहयोग गर्ने ।**

- लैंगिक हिंसा सम्बोधनका लागि पालिकास्तरमा कार्यान्वयन संयन्त्र निर्माण गर्ने ।
- पालिकास्तरमा लैंगिक हिंसा निवारणका लागि समन्वयात्मक संयन्त्रको निर्माण गर्ने
- लैंगिक हिंसा को घटना व्यवस्थापनको तथ्यांकलाई GBVIMS प्रणालीमा लागु गर्ने ।
- लैंगिक हिंसा निवारणका लागि संस्थागत क्षमताको अभिवृद्धि गर्ने (कार्यविधि, निर्देशिका, संप्रेषण प्रणालीको व्यवस्था) ।

## सँस्थागत संरचना

- महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
  (निर्देशक समिति र परियोजना व्यवस्थापन ईकाई Steering committee, Project Management Unit )
- विश्व वैंक (परामर्शदाता समूह)
- प्रदेश स्तरिय समन्वय समिति
- परियोजना कार्यान्वयन ईकाई Project Implementation Unit
- GBV Platform (मञ्च)
- PIU को सचिवालय टिम....

### २. लैङ्गिक हिंसा सम्बोधनका लागि गुणस्तरीय र पहुंचयोग्य सेवाको अभिवृद्धि गर्ने ।
*सेवाको गुणस्तरमा सुधार ल्याइ महिला तथा बालिकाहरूको पहुँच वृद्धि गर्ने ।*

- लैंगिक हिंसा सम्बोधनका लागि case managers/workers लाई तालिम दिने र प्राथमिक स्वास्थ्य केन्द्रसँग समन्वय गरी सेवा प्रदान गर्ने ।
- हिंसाको घटनाहरुको सम्बोधन गर्न महिला र बालबालिकालाई सुरक्षित स्थान (safe space - महिला मैत्रीस्थल) को model लाई लागु गर्ने ।
- पीडित तथा प्रभाविताकालाई तत्काल सेवा प्रवाहका लागि घुम्ति सेवाबाट (GBV mobile clinics) सेवा प्रदान गर्ने ।

# परियोजनाको संभागहरु
# Project Components

### ३. स्थानीय अभियान्ता र पहिलो सुनुवाइकर्ता (first responders, local institutional actors) ज्ञान, सिप र धारणा अभिवृद्धि गर्ने ।

- **क्षमता अभिबृद्दि कार्यक्रमहरु**

*Behaviour Change Communication-BCC रणनीतिहरूको निर्माण र विस्तारमा जोड, प्राविधिक सहयोग र विशेस गरी प्रहरी, न्यायिक समिति, मेलमिलापकर्ता, OCMC, कानुनी सेवा प्रदायक आदि जस्ता संयन्त्रहरुको अभ्यासमा थप सहजीकरण गर्न प्रोत्साहान गर्नेछ ।*

- प्रमुख ४ किसिमका नमुना अभ्यासहरु गरिने छ- caseworkers, mobile clinics, safe space र community response model
  - सामुदायिक स्वास्थ्यकर्मीहरू वा स्थानीय महिला अगुवाहरु पहिचान गरी केसवर्करको प्रशिक्षण दिइनेछ (through community response model)
  - कम्तिमा ६ मोबाइल क्लिनिकहरू सञ्चालन गरिने ।
  - प्पालिकामा कम्तिमा २ सेफ स्पेसहरु (महिला मैत्रीस्थल) स्थापना गरिने ।

## क्षमता अभिवृद्धि कार्यक्रमहरु

- **स्थानीय तहका कर्मचारी**
  - पिडित केन्द्रीत व्यवहारलाइ (survivor-centered approach) प्रवर्धन गर्ने, समन्वय संयन्त्र र SOPs को कार्यान्वयन, श्रोत व्यवस्थापन तथा परिचालनमा तालिम
- **अग्रपंतिमा रहेर पिडितहरुलाई प्राथमिक response दिने टोली (GBV Frontline Workers)**
  - सेवा, समन्वय, सेवा नक्साङ्कन (service mapping) र गुणस्तर सुधार गर्न क्षमता अभिवृधि तालिम
- **सेवा प्रदायक संस्थाहरु** (महिला अधिकार र/वा GBV मा काम गर्ने गैरसरकारी संस्थाहरू र संरचनाहरू)
  - केस व्यस्थापन, GBV सम्बन्धि तथ्याङ्क व्यवस्थापन, प्रभावित केन्द्रीत हेरचाहको विकास र विस्तारमा क्षमता अभिवृद्धि

## परियोजनाको अन्य कार्यहरु

**परियोजना व्यवस्थापन सूचना प्रणाली** (Project **MIS**)

- परियोजना कार्यान्वयन तथ्याङ्क व्यवस्थापन गर्न, प्रगतिको अनुगमन, व्यवस्थापन र जवाफदेहिता उद्देश्यका लागि प्रगति रिपोर्टहरू स्वचालित गर्न एक MIS को व्यवस्था गरिने छ ।

**बेसलाइन र एन्डलाइन सर्भे** *(Baseline and Endline surveys)*

- परियोजना विकासका उद्देश्यहरू (PDO) सूचकहरूको उपलब्धि मापन गर्न बेसलाइन र एन्डलाइन सर्भे सर्वेक्षणहरू सञ्चालन गरिनेछ ।

## ३. स्थानिय अभियान्ता र पहिलो सुनुवाइकर्ता (first responders, local institutional actors) ज्ञान, सिप र धारणा अभिवृद्धि गर्ने ।

- Knowledge Attitude & Practice सर्वेक्षण मार्फत GBV सम्बोधन प्रतिको अभ्यास र धारणा परिवर्तनका लागि सञ्चार रणनीति, जवाफदेहिता र अनुगमन प्रक्रिया निर्माण गर्ने ।
- विद्यमान निती तथा कानुनहरुमा लैंगिक हिसा सम्बोधनमा भएका कमजोर पक्षको सुधारका लागि वकालत गर्ने ।

## हालसम्मको प्रगति अवस्था

- परियोजनाको प्रस्तावित कार्यक्रमहरुका बारेमा सरोकारवाला संघ/सँस्थाहरुसँग प्रारम्भिक छलफल तथा अन्तरक्रिया भएको ।
- २०८१/५/३० मा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा परियोजना कार्यान्वयन ईकाई (PIU) गठन भई क्रियाशील रहेको ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सचेतनामूलक कार्यक्रम, सडक नाटक र कथाघेरा काठमाण्डौसंगको सहकार्यमा २ ठाउं सृजनात्मक नाटक (Creative Theater) प्रदर्शन गरिएको ।
- अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिला सशक्तिकरण सम्बन्धी प्यानल डिस्कसन, रेडियो कार्यक्रम र धनकुटा घोषणा पत्र जारी गरिएको ।
- परियोजनाका लागि कम्प्युटर प्रिण्टर लगायतका ईलेक्ट्रोनिक सामान र फर्निचर खरिद गरी कार्यालय व्यवस्थापन गरिएको ।

# ४. परियोजना व्यवस्थापन

- आन्तरिक व्यवस्थापन:

प्राविधिक सहयोग कर्मचारी परामर्शदाता, अध्ययन अनुसन्धान, अनुगमन पृष्ठपोषण तथा अनुभव ज्ञान आदान प्रदान र भावी नीति निर्माणमा सहयोग

## हालसम्मको प्रगति अवस्था

- परियोजना विज्ञ (GBV Specialist) छनौट गरी नियुक्त गरेको ।
- पुरुष सञ्जाल गठन तथा संचालन कार्यविधि नगर कार्यपालिकाको बैठकले पास गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको ।
- पुरुष सञ्जाल गठनका लागि १५ दिने सार्वजनिक सूचना जारी गरिएको र । ५३ जना पुरुषहरु सूचीकृत हुन आएको
- चालु आ.ब.मा संचालन गरिने कार्यक्रमका लागि कार्ययोजना संसोधन गरी झमता विकासका कार्यहरुका लागि प्रस्तावनाहरु तयार गरिएको ।
- आ.ब. २०८२/०८३ को कार्यक्रम तथा बजेट परियोजना कार्यान्वयन इकाईमा छलफल तथा निर्णय गरी परियोजना व्यवस्थापन इकाईमा पठाएको ।

## आगामी आ.ब. को कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम/ क्रियाकलाप | इकाइ | वार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट |
| (क) | पुँजिगत खर्च कार्यक्रमको जम्मा | | | | |
| | जम्मा | | | | |
| ख | चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | |
| १ | परियोजना कार्यान्वियन इकाई (PIU) द्धारा संचालन गर्ने क्षमता अभिवृद्धि (तालिम, अन्तरक्रिया, अभीमुखीकरण, समिक्षा तथा कार्यशाला गोष्ठी) कार्यक्रम | पटक | १२ | | २८.०० |
| २ | किशोर किशोरीहरुको समग्र विकासका लागि रुपान्तरण कार्यक्रम | पटक | ४ | | २.०० |
| ३ | जनचेतना अभिबृद्दि कार्यका लागि सञ्चार अभियानहरु (सामाजिक सञ्जाल,टिभी,रेडियो,आई ई सी सामाग्री पोष्टकार्ड अदि) | पटक | १ | | ५.०० |
| ४ | दिवसीय कार्यक्रम | पटक | २ | | २.०० |
| ५ | परियोजना सम्बन्धि अवलोकन भ्रमण | पटक | १ | | ३.०० |




## आगामी आ.ब. को कार्यक्रमहरु

| क्र.स. | कार्यक्रम/ क्रियाकलाप | इकाइ | वार्षिक लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | परिमाण | भार | बजेट |
| ६ | Safe space को लागि फर्निचर, फिक्सर,टेन्ट लगायत सामान | संख्या | १ | | ५.०० |
| ७ | लैङ्गिक हिंसा निवारणका लागि परियोजना विज्ञ | जना | १ | | १७.०० |
| ८ | Case Manager छनौट,पारिश्रमिक तथा भत्ता | जना | १ | | १०.० |
| ९ | Case Worker पारिश्रमिक तथा भत्ता (सेवा करार) | जना | २ | | ९.६० |
| १० | मनोविर्मशकर्ता पारिश्रमिक तथा भत्ता (सेवा करार) | जना | १ | | ४.०० |
| ११ | सवारी इन्धन | पटक | ४ | | १.०० |
| १२ | मेशिन औजार मर्मत | पटक | १ | | ०.५० |
| १३ | परियोजना सञ्चार महसुल | पटक | ४ | | १.०० |
| १४ | कार्यालय सामान | पटक | ४ | | ३.०० |
| १५ | अनुगमन तथा मूल्यांकक तथा भ्रमण खर्च | पटक | ४ | | ३.०० |
| १६ | विविध (बैठक तथा अन्य खर्च) | पटक | ४ | | १.०० |
| | जम्मा | | | | ९५.१० |

## २८ लाखको वाँडफाँड

| क्र.सं. | क्रियाकलाप | इकाइ | अवधी | संख्या | दर | बजेट (रु लाख) |
|---|---|---|---|---|---|---|
| १ | SOP guideline निर्माण तथा अभीमुखीकरण | वटा | २ दिन | १ | ३.५ | 3.5 |
| २ | क्षमता विकास तालिम(जनप्रतिनिधि, कर्मचारी, संघ/सँस्था, सञ्जाल तथा समुदायस्तरका समूह/सँस्थाहरु) | पटक | २ दिन | ४ | २.५ | १०.० |
| ३ | पुरुष सञ्जाल सदस्यहरुका लागि क्षमता अभिबृद्दि तालिम | पटक | २ दिन | २ | २ | ४ |
| ४ | पुरुष सञ्जाल लगायत सरोकारवाला संघ/संस्था सदस्यहरुको बैठक, अन्तरक्रिया, समिक्षा | पटक | 1 दिन | ८ | 0.25 | २ |
| ५ | हिंसा पिडितको उद्धार, सीप विकास र आय आर्जनमा सहयोग | वटा | ११ महिनाभित्र | आवस्यकतानुसार | | ४ |
| ६ | तत्काल आवस्यक हुने तथा PIU ले निर्णय गरी संचालन गर्ने सृजनात्मक क्रियाकलापहरु (Inovative Activities) | वटा | ११ महिनाभित्र | आवस्यकतानुसार | | ४.५ |
| | जम्मा | | | | | 28 |

# पुरुषत्व, नारीत्व र लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सहभागिता

## कार्यपत्र

– सन्जोग ठकुरी, अध्यक्ष, हामी दाजुभाइ

सद्भावना दुत, पुरुष संजाल, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

nicesanjog@gmail.com, 9841554863

**पुरुषत्व**

हाम्रो समाजमा महिला र पुरुष सँग उनीहरु महिला वा पुरुष भएकै कारणबाट निश्चित काम, व्यवहार, आचरण, सोचको अपेक्षा गरिन्छ। त्यस्ता व्यवहारहरू जुन पुरुषको लागि भनी समाजले बनाइ दिएको छ वा समाजले पुरुषसँग अपेक्षा गर्दछ त्यसलाई हामी पुरुषत्व भनेर बुझ्ने गर्दछौं। अँग्रेजीमा यसलाई मास्कुलिनिटी (Masculinity) भनिन्छ। जस्तो परिवारको नेतृत्व गर्नुपर्ने, पैसा कमाउनु पर्ने, बलियो हुनुपर्ने, झगडा गर्ने, आदि। तर व्यवहारिक रुपमा हेर्दा, यी व्यवहारहरू पुरुषमा मात्र हुनुपर्छ वा हुन्छन् भन्ने छैन। हाम्रो समाजले हामीलाई दबाबका साथ यी व्यवहारहरू पुरुषमा मात्र नै हुनु पर्दछ भन्दछ तर हामीले भने यस्ता व्यवहारहरू सबै राम्रा हुँदैनन्, सबै नराम्रा पनि हुँदैनन् र सबै पुरुषमा यस्ता व्यवहार हुँदैन भनेर मानिसहरूलाई सचेत गराउनु पर्दछ।

**नारीत्व**

जसरी पुरुषत्वलाई व्याख्या गर्ने सन्दर्भमा समाजले पुरुषको लागि भनेर निश्चित व्यवहार बनाइदिएको छ, त्यसैगरी महिलाहरुका लागि पनि निश्चित काम, व्यवहा आदि तोकिदिएको छ जसलाई हामी नारीत्व भनी बुझ्दछौ। जस्तै की एक संस्कारी छोरी, लजालु स्वभाव, कम बोल्ने, ठूलो स्वरले नहाँस्ने, भावुक, दयालु, सानो आवाजमा बोल्ने, खाना पकाउने, सरसफाइ गर्ने, हेरचाह गर्ने, सहनशील हुनुपर्छ भनेर समाजले महिलालाई विशेष भूमिका दिएको छ र महिलासँग यस्तै भूमिकाको अपेक्षा गरेको छ। साथै महिलामा भएका यस्ता भूमिका पुरुषमा देखिएमा समाजले अस्वभाविक समेत मान्दछ। नारीत्वलाई अंग्रेजीमा फेमिनिनिटी (Femininity) भनिन्छ। समाजले माथि उल्लेख गरिएका व्यवहारहरु अर्थात् नारीत्वलाई महिलासँग मात्र हुनुपर्छ भन्ने भए तापनि यस्ता व्यवहारहरु पुरुषमा पनि हुन सक्दछन् यसैले हरेक पुरुषमा पनि नारीत्वका गुण हुन्छन् जुन समाजको डरले कतिपयले देखाउन सक्तैनन् वा लुकाउँछन्॥

**सकारात्मक पुरुषत्व (Positive Masculinity)**

सामान्यतया सकारात्मक पुरुषत्व त्यो हो जसले आफू, परिवार र समाजका लागि राम्रो गर्दछ। जस्तै कि लैङ्गिक समानताका लागि पुरुष संजालमा बसेर यस मुद्दाको विषयमा नेतृत्व लिनु, कसैको हितका लागि आवाज उठाउनु, सकारात्मक परिवर्तनका लागि पहल गर्नु, घरको काम गर्नु, बालबच्चाको स्याहार सुसार गर्नु आदि। हामीले पुरुषहरु, जसलाई समाजले विषाक्त पुरुषत्वको अभ्यासका लागि निरन्तर दबाब दिइरहेको हुन्छ, पुरुष संजालको तर्फबाट सकारात्मक पुरुषत्व अँगाल्नका लागि अभिप्रेरित गर्नुपर्दछ। सकारात्मक पुरुषत्वलाई अंग्रेजीमा पोजेटिभ मास्कुलिनिटी (Positive Masculinity) भनिन्छ।

**विषाक्त पुरुषत्व (Toxic Masculinity)**

त्यस्ता पुरुषका लागि हुनु पर्ने भनेर ठम्याइएका व्यवहारहरू जुन समाजका लागि, पुरुष आफ्नै लागि र अझ खासगरी महिला र यौनिक तथा लैंङ्गिक अल्पसंख्यकका लागि हानिकारक छन् तिनलाई हामी विषाक्त पुरुषत्व भन्दछौं। विषाक्त पुरुषत्वले पुरुषलाई दानवको रुपमा तयार पार्छ। आफ्नै घरका महिला मात्र नभएर पुरुष सदस्यप्रति पनि उसलाई कठोर बनाउँछ। खासगरी हामीले बुबालाई कठोर रुपमा पाउने यहि विषाक्त पुरुषत्वका कारण हो। त्यसैले हामी भन्ने गर्दछौं, विषाक्त पुरुषत्वले पुरुषलाई पनि हानि गर्दछ। हाल संसारभर र नेपालमा पनि बढीरहेको महिलामाथिको हिंसा, दुव्र्यवहार, बलात्कार, एसिड आक्रमण, ईन्टरनेटमा देखिएको हेट स्पीच जस्ता जघन्य अपराधहरू यिनै विषाक्त पुरुषत्वको उपज हुन्। त्यस्तै पुरुषहरुलाई आफ्ना मनका भावना लुकाउन बाध्य पार्ने, अरुको अघि बल देखाउनु पर्ने, झगडा गर्दा वा जोखिमपूर्ण काम गर्दा मर्द भइने, महिलामाथि हिंस्रक तरिकाले यौन सम्बन्ध राख्दा पुरुषार्थ हुने जस्ता सोच र व्यवहारहरु नै विषाक्त पुरुषत्वका उदाहरणहरु हुन्। विषाक्त पुरुषत्वलाई अंग्रेजीमा टक्सिक मास्कुलिनिटी (Toxic Masculinity) भनिन्छ।

**पितृसत्ता**

त्यस्तो समाज जहाँ पुरुषलाई सर्वेसर्वा ठानिन्छ र महिलालाई दमन गरिन्छ त्यस्तो समाजलाई हामी पितृसत्तात्मक समाज भन्दछौं भने त्यस्तो सोच जसमा पुरुषसँग मात्र शक्ति र सामथ्र्य दिइन्छ त्यस्तो सोचलाई हामी पितृसत्तात्मक सोच भन्दछौं। पितृसत्तात्मक सोच पुरुषमा मात्र हुँदैन, महिलामा पनि हुने गर्दछ। कोहि पनि व्यक्ति जो महिलालाई दोस्रो दर्जाको वा भनौं पुरुषभन्दा पछाडि हुनु पर्दछ भन्ने सोच राख्दछ भने त्यो पित्तृसत्तात्मक सोच हो। महिला अधिकार आन्दोलनको लडाई पुरुषसँग नभएर पुरुषवादी सोच वा पितृसत्तासँग हो।

**सकारात्मक पुरुषत्वको प्रभाव**

पुरुषत्व सकारात्मक र विषाक्त दुबै प्रकारका हुने गर्दछन् तसर्थ न त सबै पुरुषत्व खराब हुन्छ न त सकारात्मक नै हुन्छ । हामीले विषाक्त पुरुषत्वलाई त्यागेर सकारात्मक पुरुषत्व वा स्वस्थकर पुरुषत्वकलाई अँगाल्नु पर्दछ । सकारात्मक पुरुषत्वले परिवार, समाज एवम् राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । सकारात्मक पुरुषत्वका प्रभावहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ –

- बलियो र सकारात्मक सम्बन्ध निर्माण हुन्छ, मानसिक स्वास्थ्य राम्रो हुन सक्छ,
- परिवारिक र सामाजिक द्वन्द्व कम हुन्छ र आर्थिक अवस्था सुदृढ हुन्छ,
- स्वस्थ र सकारात्मक व्यवहार निर्माणका लागि उत्प्रेरित गर्छ,
- परिवार र समाज मात्र नभई एक सम्पन्न र प्रभावशाली राष्ट्र निर्माणका लागि समेत सकारात्मक भूमिका खेल्छ
- पुरुषलाई दानवबाट मानव बनाउन अग्रणी भूमिका खेल्दछ
- पुरुषलाई आफुले चाहेको व्वयहार, सोच, काम गर्नका लागि स्वतन्त्रता प्रदान गर्छ ।

**विषाक्त पुरुषत्वको प्रभाव**

- विषाक्त पुरुषत्वले घरेलु हिंसा, यौन दुव्र्यवहार र मानसिक स्वास्थ्य समस्याहरु निम्त्याउँछ । यस्ता व्यवहारहरुले व्यक्ति र समूदायमा गम्भीर नकारात्मक प्रभाव पर्न जान्छ
- आर्थिक अवस्था खस्कँदै जान्छ,
- अस्वस्थ र नकारात्मक व्यवहार निर्माणका लागि प्रोत्साहन गर्दछ,
- आत्महत्या, सम्बन्ध विच्छेद र विध्वंशात्मक अवस्था सिर्जना गर्छ,
- परिवार, समाज र राष्ट्र मात्र नभई विश्व विनाशको समेत संकेत गर्छ

**लैगिंक विभेदमा आधारित हिंसाका प्रकार र यसले पर्ने प्रभाव तथा असर[१]**

क) शारीरिक हिंसा र यसले पर्ने प्रभाव तथा असर

कुटपिट, जबरजस्ती गर्भपतन गर्न लगाउनु, महिला तथा बालबालिकालाई कामको बोझ थपेर दुःख दिनु जस्ता व्यवहारहरुका साथै महिला तथा बालबालिकाको शरीरलाई लक्षित गरी पीडा पु¥याउने सबै प्रकारका व्यवहारहरुलाई शारीरिक हिंसा भनिन्छ । कुनै पनि व्यक्तिलाई उसको शारीरिक क्षमता भन्दा बढी काम लगाउनु वा लामो समयसम्म फुर्सद वा आरामको समय नदिई काममा लगाउनु, कुटपिट गर्ने तथा शारीरिक दण्ड सजाय दिने पनि

[१] भाव साभार : लैङ्गिक विभेदमा आधारित हिंसा र यसका प्रकारसम्बन्धी जानकारी पत्र, ओरेक नेपाल

शारीरिक हिंसा भित्र पर्दछ। शारीरिक हिंसाका कारण महिला तथा बालबालिकाहरु विभिन्न रोगहरुबाट ग्रसित हुने, अङ्गभङ्ग हुने, आत्मबल घट्ने तथा सामाजिक कार्यहरुमा सहभागी हुन नसक्ने गरि असरहरु पर्न सक्दछ।

ख) यौनिक हिंसा र यसले व्यक्तिमा पर्ने प्रभाव तथा असर

ईच्छा विपरीत जबरजस्ती करणी गर्ने, यौन अङ्गहरू तथा संवेदनशील अंगहरूमा छुने, सुम्सुम्याउने, अश्लील शब्दहरूको प्रयोग गर्ने, जिस्काउने, अश्लील चित्र, दृश्य वा फिल्महरू देखाउने जस्ता कार्यहरु यौनिक हिंसा भित्र पर्दछन्। यस्ता हिंसाहरु भित्र बलात्कार, वैवाहिक बलात्कार, यौन दुर्व्यवहार, यौन दुराचार, यौन शोषण गर्ने जस्ता हिंसाहरु पर्दछन्। यौन हिंसामा बुझ्नु पर्ने कुरा के हो भने यौन हिंसा महिला तथा बालिकालाई मात्र हुन्न पुरुष विशेष गरि बालक र त्यस्तै गरि यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुमाथि पनि यौन दुर्व्यवहार, शोषण हुने गर्दछ। बाल यौन दुर्व्यवहार भन्नाले बालबालिकालाई जबरजस्ती करणी गर्ने, यौन अङ्गहरू तथा संवेदनशील अंगहरूमा छुने वा घोच्ने सामान हाल्ने, सुम्सुम्याउने, चुम्बन गर्ने, अश्लील शब्दहरूको प्रयोग गर्ने, जिस्काउने, अश्लील चित्र, दृश्य वा फिल्महरू देखाउने, बालबालिकाको नग्न तस्विर, भिडियो खिच्ने तथा इन्टरनेट, सामाजिक सञ्जालमा प्रदर्शन गर्ने आदि बुझ्नु पर्दछ। यस्तै गरि बालबालिकालाई मनोरञ्जनका लागि रेस्टुरेन्ट, बार, मसाज पार्लर लगायतका स्थानमा कार्य गर्न लगाउने र बालबालिकालाई यौन कार्यमा संलग्न गराउनु बाल यौन शोषण हो। यौनजन्य हिंसा विद्यालय, होस्टल, घर र समुदाय जहाँ पनि हुन सक्छ। बालविवाहको कारणले गर्दा बालबालिकामाथि बाल यौन दुर्व्यवहार हुने हुदाँ बालविवाह सामाजिक हिंसा मात्र नभई यौनजन्य हिंसा पनि हो। मञ्जुरी बिना यौन कार्यमा संलग्न गराउनु समेत यौन हिंसा हो। बालबालिकाको यौन अङ्ग छेदन गर्ने आदि यौनिक हिंसामा पर्दछ। यौनिक हिंसाबाट महिला तथा बालबालिकाहरुमा अनिश्चित गर्भ रहने, गर्भपतन हुने, यौनाङ्ग क्षतविक्षत हुने, ढाड कम्मर दुख्ने, तल्लो पेटको संक्रमण हुने, यौन रोगहरु तथा एच.आई.भीको जोखिम हुन सक्दछ

ग) मानसिक हिंसा र यसले पर्ने प्रभाव तथा असर

लैङ्गिकताका आधारमा भेदभाव गर्ने, गालीगलौज गर्ने, अपशब्द बोल्ने, धम्क्याउने, अरुका अगाडि होच्याउने, हेला तिरस्कार गर्ने, इच्छा विपरीत काम गर्न दबाव दिने, उपेक्षा, दुव्र्यवहार गर्ने जस्ता कामहरु मानसिक हिंसा हुन्। दाईजो नल्याएको निहुँमा महिलाहरु र उनका सन्तानहरुलाई दिईने दबाब त्यस्तै गरि हिंसामा परेका महिला तथा बालबालिकाहरुलाई परिवार लगायत समुदायले गर्ने तिरस्कार, अपहेलना र भावनात्मक दुव्र्यवहारहरु मानसिक हिंसा हुन्। त्यसैगरी बालक तथा किशोरहरुलाई सानै उमेरबाट छोरा भएकै कारण कमाउनका लागि दिइने दबाब पनि मानसिक हिंसाकै स्वरुपहरु हुन्। मानसिक हिंसाका कारण महिलाहरुमा आत्मविश्वासको कमि भई काम गर्न मन नलाग्ने, एक्लोपन जस्ता समस्याहरु देखा पर्दछन्।

घ) सामाजिक/सांस्कृतिक हिंसा र यसले पर्ने प्रभाव तथा असर

हानिकारक सामाजिक मूल्य मान्यताबाट निर्देशित भई, परम्परा तथा संस्कृतिका आडमा समाजकै व्यक्तिहरुबाट हुने हिंसालाई सामाजिक हिंसा भनिन्छ । झुमा, देउकी, बादी, बोक्सीको आरोपमा गरिने दुर्व्यवहार, छाउपडी, बालविवाह, बहुविवाह जस्ता धर्म र संस्कृतिको आडमा गरिने अपराधका साथै सुत्केरी, रजस्वला जस्ता महिलाको शारीरिक क्रियासँग सम्बन्धित अवस्थाहरुमा गरिने छुवाछुत, भेदभावजस्ता सम्पूर्ण व्यवहारहरु सांस्कृतिक हिंसा अन्तर्गत पर्दछन् । यस्ता हिंसा भित्र अनमेल विवाह अर्थात महिलाहरुको उमेर नमिल्दो पुरुषहरुसँग जबर्जस्ती वा ललाइफकाइ विवाह गरिनु पनि पर्दछ । सामाजिक/सांस्कृतिक हिंसाका कारण महिला तथा बालबालिकाहरुको शारीरिक बौद्धिक विकासमा अवरोध हुने, दाईजोका कारण आत्महत्या हुन सक्ने, सानो उमेरमा विवाहले गर्दा धेरै बच्चा जन्माउन बाध्य गराईनुले स्वास्थ्य विग्रने, महिनावारी हुँदा बाहिर बस्नुपर्ने बाध्यताहरुले थप जोखिम निम्त्याउनुका साथै किशोरीहरुको पढाईमा समेत बाधा पुग्न सक्दछ ।

**लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता**

लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता भन्नु लैङ्गिक हिंसा निराकरणमा पुरुष प्रत्यक्ष रुपमा सहभागी हुनु हो । यो यसकारण पनि आवश्यक छ किनकी एकातिर यसका कारण महिला तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु पीडित छन् भने अर्कोतर्फ पुरुषहरुकै पीडा पनि बाहिर आउन पाएका छैनन् तसर्थ लैङ्गिक हिंसा न्युनिकरणमा पुरुष सहभागिता एकदमै आवश्यक छ ।

**लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिताको प्रभाव**

- लैङ्गिकतामा आधारित हिंसा नियन्त्रण छिटो हुन सक्छ,
- लैङ्गिकतामा आधारित हिंसा धेरैजसो पुरुषबाट महिलामा हुने भएको हुँदा हिंस्रक स्वभाव भएका पुरुषहरुको मानकिता परिवर्तन पुरुष अभियन्ताबाट छिटो हुन सक्छ,
- यस विषयमा पुरुषले आवाज उठाउँदा पुरुषहरुको आफू श्रेष्ठ वा आफू ठूलो भन्ने सोच परिवर्तन गर्न सकारात्मक भूमिका खेल्छ,
- हाम्रो समजमा महिला विवाहपश्चात् पुरुषको घरमा जाने, आर्थिक रुपमा उनीहरुसँग निर्भर हुनुपर्ने र आर्थिक रुपमा निर्भर हुनु नपर्ने भए पनि बहुमत पुरुषको पक्षमा हुने हँुदा परिवारमा पुरुषको आवाजको सुनुवाइ हुने भएकाले परिवर्तन छिटो हुन सक्छ
- पुरुषहरुलाई परिवर्तन गर्नका लागि पुरुष नै उदाहरणका रुपमा आउँदा यसको प्रभाव बढी बलियो र प्रभावकारी हुन्छ र परिवर्तनको गतिलाई बढाउँछ

**लैङ्गिक हिंसा सम्बोधनमा वर्तमान अवरोध र चुनौतिहरु अन्त्यका लागि पुरुष सञ्जाल**

क) किशोरकिशोरीमाथि हुने हिंसा

- समुदायस्तरमा किशोरकिशोरीको फरक फरक समूह बनाई जनचेतनामूलक अभियान सञ्चालन गर्ने
- विद्यालय तथा अभिभावकसँग मिलेर बाल हिंसाको बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- समुदायस्तरमा आमा समूह र बालक्लब लगायतका सङ्घ संस्थासँग समन्वय गर्दै घरदैलो अभियान सञ्चालन गर्ने
- स्थानीय सरकारको मातहतमा रहेका महिला तथा बालबालिका शाखा, वडा समिति, मेलमिलाप केन्द्र, टोल विकास समिति लगायतका संस्थाहरुसँगको परामर्शमा योजना निर्माण गर्ने
- सेवा तथा सहायता उपलब्ध गराउने संस्थाहरुसँग समन्वय गरी उनीहरुका जानकारी समुदाय, विद्यालयमा वितरण गर्ने

ख) अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने हिंसा

- अपाङ्गताभएका व्यक्तिहरुमाथि हुने तथा हुन सक्ने लैङ्गिकतामा आधारित हिंसाको बारेमा समुदाय, घरपरिवार, अपाङ्गता भएका व्यक्तिहरुमाझ जनचेतना अभिवृद्धि गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुका लागि मनोपरामर्श सेवाका लागि पहल गर्ने
- स्थानीय सरकार तथा सं३संस्थाहरुसँगको साझेदारीमा अपाङ्गता भएका व्यक्ति र लैङ्गिक हिंसाका बारेमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने
- सेवा तथा सहायता उपलब्ध गराउने संस्थाहरुसँग समन्वय गरी उनीहरुका जानकारी समुदाय, विद्यालयमा वितरण गर्ने

ग) यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायमाथि हुने हिंसा

- पहिचानको अधिकारको लागि स्थानीय सरकार तथा समुदायमा सहजिकरण गर्ने
- यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुसँग मित्रवत व्यवहार गर्ने
- उक्त समुदायमाथि भएगरेका हिंसाका स्वरुपहरुको पहिचान गरी राज्यको कानून अनुसार पीडकलाई दण्ड सजाय दिलाउन पहल गर्ने
- सेवा तथा सहायता उपलब्ध गराउने संस्थाहरुसँग समन्वय गरी उनीहरुका जानकारी समुदाय, विद्यालयमा वितरण गर्ने

घ) महिलामाथि हुने हिंसा

- महिलालाई उत्पादनसँग जोडि महिलाको आर्थिक परनिर्भरता हटाई सबल र सक्षम बनाउन सम्बन्धीत निकायसँग पहल गर्ने

- विभिन्न संघसंस्थाहरुसँगको समन्वयमा समुदायका सबै महिलाहरुको उत्थानका लागि समुदायका पुरुष, श्रीमान्, छोरा, ज्वाईँ, बुबा, ससुरा आदिसँग हातेमालो गर्दै कार्य गर्ने
- महिला हिंसा सम्बन्धी कानूनको बारेमा समुदायमा अवगत गराउने र ती कानूनरुको पूर्ण परिपालनका लागि पहल गर्ने
- यौन दुर्व्यवहार, घरेलु हिंसा, कार्यस्थलमा हुने यौन दुर्व्यवहार तथा हिंसा, जबरजस्ती करणीजस्ता लैङ्गिक हिंसाका स्वरुपहरुको अन्त्यका लागि प्रहरि, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, न्यायिक समिति लगायतसँग समन्वय र पहल गर्ने
- सेवा तथा सहायता उपलब्ध गराउने संस्थाहरुसँग समन्वय गरी उनीहरुका जानकारी समुदाय, विद्यालयमा वितरण गर्ने

**लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता भन्नाले के होइन**

- महिलालाई अधिकार धेरै भयो भन्ने अवधारणा
- महिलाले अधिकार प्राप्त गर्दा पुरुषको अधिकार कम भयो भन्ने मान्यता
- महिलाहरु बिचरा हुन् तसर्थ पुरुषले नबोल्दा उनीहरुले क्यै गर्न सक्दैनन् भन्ने मान्यता
- महिलाको अधिकारको बारेमा बोलेर पुरुष सेलेब्रेटी बन्ने चाहना
- महिलालाई महिलाको जीवन र संघर्ष सिकाउने
- महिलाको अधिकार बारे बोलेकै भरमा प्रशंसा र सम्मानको अपेक्षा गर्ने

**लैङ्गिक हिंसा न्यूनीकरणमा पुरुष सहभागिता भन्नाले के हो**

- पितृसत्ता विरुद्धकोको एकजुट आवाज
- पितृसत्तात्मक समाजमा पुरुष र बालकलाई हुने हानीको बारेमा समेत गरिने चर्चा
- पुरुष आफु सामाजिक संरचनामा मूलप्रवाहमा रहेको स्विकारोक्ती र शक्तिमा रहँदा परिवर्तन ल्याउन सहज हुने मान्यता
- लैङ्गिक समानता महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विरोधमा नभइ पितृसत्ता र विषाक्त पुरुषत्वको विषयमा रहेको कुराको बारेमा जानकारी
- पुरुषहरुमा हुने विषाक्त पुरुषत्वको मान्यताबाट सकारात्मक र स्वस्थकर पुरुषत्वमा रुपान्तरण गर्ने

**पुरुष सहभागिताका क्षेत्रहरु**

- **परिवार**
  - घर भित्रको काममा संलग्न हुने जस्तै भान्साको काम ज्येष्ठ नागरिक तथा बिरामीको हेरविचार
  - घरमा भएका महिलाहरु जस्तै आमा, श्रीमती, छोरी, बुहारी, नातिनी आदीमाथि पितृसत्तात्मक नारीत्व नलाद्ने र पितृसत्ता विरुद्द उभिने
  - महिलाले आफ्ना समस्याहरु बताउँदा समर्थन गर्ने

- **शैक्षिक संस्थान**
  - विद्यालयमा अनिवार्य उजुरी पेटिका, लैङ्गिक हिंसाका फोकल पर्सन र उजुरी संयन्त्र भए नभएको सुनिश्चित गर्ने
  - अभिभावक, शिक्षक वा विद्यालय व्यवस्थापन समितिका सदस्यका रुपमा विद्यालय भित्र हुन सक्ने लैङ्गिक हिंसाको विषयमा खास चासोका साथ कुरा उठाउने
  - विद्यालयमा कक्षा सञ्चालन गर्दा लैङ्गिक हिंसा, पितृसत्ता जस्ता विषयमा समेत कक्षा सञ्चालन गर्दै यसका विरुद्ध किन पुरुष, बालक, किशोरहरुको सहभागिता आवश्यक हुन्छ सो कुराको बारेमा अवगत गराउने

- **कार्यस्थल**
  - कार्यस्थलमा लैङ्गिक हिंसा विरुद्धको उजुरी संयन्त्र नभएमा बनाउनका लागि पहल गर्ने
  - कार्यस्थलमा लैङ्गिक हिंसाको उजुरी आएमा घटना व्यवस्थापनका लागि पहल गर्ने
  - लैङ्गिक हिंसाका पीडितको पक्षमा उभिने
  - कार्यस्थलमा लैङ्गिक समानता नीतिको तयारी तथा अवलम्बनका लागि पहल गर्ने
  - कार्यस्थलमा लैङ्गिक समानता हुन सक्ने लैङ्गिक हिंसाका स्वरुप र उजुरी संयन्त्र तथा किन पुरुष सहभागिता जस्ता विषयमा छलफल चलाउने

- **सार्वजनिक स्थान**
  - सार्वजनिक स्थानमा हुन सक्ने लैङ्गिक हिंसाका घटना र त्यसका लागि आवश्यक उजुरी संयन्त्र तथा सुरक्षा प्रणालीका विषयमा स्थानीय सरकार तथा सम्बन्धित निकायहरु समक्ष पहल गर्ने
  - स्थानीय सरोकारवाला संस्थाहरु जस्तै आमा समूह महिला सञ्जाल युवा क्लब बाल क्लब टोल समिति यातायात व्यवस्था समिति लगायतसँग सार्वजनिक स्थानमा हुन सक्ने लैङ्गिक हिंसा र भइहालेमा के कस्तो कलम चाल्ने जस्ता विषयमा जानकारी दिने
  - समुदायस्तरमा लैङ्गिक हिंसा रोकथामका लागि पुरुष सहभागिता अभिवृद्धि गर्न पहल गर्ने